नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
( स्थानीय प्रशासन शाखा)
☎ ०९१-५२११०१ ५२६४४७
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63, Dhangadhi
धनगढी,कैलाली

प.सं. ०८०।८१
च.नं.

मिति:-२०८१।०१।०२
ने.सं.: ११४४

## पूर्णरुपमा कार्यालय खोली सार्वजनिक सेवा प्रवाह गर्ने सम्वन्धि सूचना

उपरोक्त सम्वन्धमा नेपाल सरकारले संवत् २०८१ साल वैशाख १ गतेदेखि चैत एक वर्षभरिमा सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायको लागि खण्ड ७३) संख्या ५४ नेपाल राजपत्र भाग ५ मिति २०८०।१०।२९ गतेको सूचनाको प्रकरण १० मा गरेको **सार्वजनिक सेवा प्रवाह** सम्वन्धि गरेको विशेष व्यवस्था निम्नानुसार रहेकोले सोही अनुसार **पूर्णरुपमा खुल्ने कार्यालय दिन सरह नियमित रुपमा सेवा प्रवाह हुने गरी कार्यालय खोली** सोही अनुसारको सेवाप्रवाह गर्ने व्यवस्था गर्नु/गराउनु हुन सम्वन्धि सवैको जानकारीको लागि आदेशानुसार अनुरोध छ ।

**निम्न**

**१०. सार्वजनिक सेवा प्रवाह सम्वन्धि व्यवस्था**

१०.१ प्रकरण २.१ अन्तर्गतका पर्व बिदामध्ये खण्ड (ख) को रामनवमी, खण्ड (ग) को चण्डी पूर्णिमा (वैशाख पूर्णिमा) उभौली पर्व, खण्ड (घ) को रक्षाबन्धन, खण्ड (ङ) को श्रीकृष्ण जन्माष्टमी, खण्ड (च) को घटस्थापना, खण्ड (ञ) को क्रिसमस डे, खण्ड (ट) को धान्य पूर्णिमा- उँधौली पर्व/योमरी पुन्हि (ज्यापु दिवस), खण्ड (ठ) को तमु ल्होसार, खण्ड (ड) को माघी पर्व/माघे सङ्क्रान्ति, खण्ड (ढ) को सोनम ल्होसार, खण्ड (ण) को महाशिवरात्री, खण्ड (त) को ग्याल्पो ल्होसार, खण्ड (थ) को ईद (ईद उल फित्र) र खण्ड (द) को बकर ईद (ईद उल अजहा); प्रकरण ५ को जात्रा बिदाअन्तर्गतका गाईजात्रा, इन्द्रजात्रा, मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा र घोडेजात्रा बिदा; प्रकरण ६.१ अन्तर्गतका सार्वजनिक दिवस बिदामध्ये खण्ड (ख) को गणतन्त्र दिवस, खण्ड (घ) को सहिद दिवस, खण्ड (ङ) को राष्ट्रिय प्रजातन्त्र दिवस र खण्ड (च) को अन्तर्राष्ट्रिय महिला दिवस बिदा र प्रकरण ७.१ को जन्मजयन्ती बिदाअन्तर्गतका बुद्ध जयन्ती र पृथ्वी जयन्ती (राष्ट्रिय एकता दिवस) बिदाका दिनमा देहायका सेवा प्रवाह गर्ने कार्यालयहरु (कूटनीतिक नियोगसमेत) ले पूर्ण रूपमा खुल्ने कार्यालय दिन सरह नियमित रूपमा सेवा प्रवाह गर्नु पर्नेछ। यसरी प्रवाह हुने सेवाका बारेमा कार्यालयको सूचनापाटी तथा वेबसाईटमार्फत सूचना प्रवाह गर्नु पर्नेछ। साथै सेवा प्रवाह भए/नभएको सम्बन्धमा जिल्लास्थित सरकारी तथा सार्वजनिक निकायको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले र केन्द्रीय निकायको हकमा गृह मन्त्रालय/सम्बन्धित मन्त्रालय/विभागले नियमित अनुगमन गर्नु पर्नेछः

(क) नागरिकतासम्बन्धी सेवा,
(ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण सम्बन्धी सेवा,
(ग) राहदानी सम्बन्धी सेवा,
(घ) कन्सुलर सम्बन्धी सेवा,
(ङ) भन्सार तथा राजस्व सम्बन्धी सेवा (राजस्व अनुसन्धान समेत)
(च) क्वारेन्टाइन सम्बन्धी सेवा,

क्रमशः

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

☎ ०९१-५२११०१ 🖷 ५२६४४७
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63, Dhangadhi

प.सं.
च.नं.

(छ) सवारी अनुमतिपत्र,सवारी साधन दर्ता,नवीकरण र प्रदुषण जाँचलगायतका यातायात व्यवस्थापन सम्वन्धि सेवा,

(ज) उद्योग, वाणिज्य र कम्पनी प्रशासन सम्बन्धी सेवा,

(झ) वैदेशिक रोजगार सेवा,

(ञ) मालपोत तथा नापी सम्बन्धी सेवा,

(ट) भेटेरिनरी सेवा,

(ठ) खानेपानी सम्बन्धी सेवा,

(ड) विद्युत सम्बन्धी सेवा,

(ढ) सडक तथा ढल मर्मत सम्भार सम्बन्धी सेवा,

(ण) खाद्य तथा गुणस्तर परीक्षण सेवा,

(त) वैदेशिक अध्ययन अनुमति (NOC) सम्बन्धी सेवा,

(थ) नेपाल प्रहरीबाट प्रदान गरिने चारित्रिक प्रमाणपत्र सम्बन्धी सेवा,

(द) प्रदेश सरकार र स्थानीय तहले तोकेका माथि खण्ड (क) देखि (थ) सँग सम्बन्धित सार्वजनिक सेवा तथा प्रदेश सरकार र स्थानीय तहबाट जनतालाई प्रवाह गरिने अन्य सेवाहरू,

(ध) बैंक, बिमा तथा वित्तीय संस्थाबाट प्रदान गरिने सबै प्रकारका सेवाहरु,

(न) सबै प्रकारका अस्पतालबाट प्रवाह हुने स्वास्थ्य सम्बन्धी सेवा (बहिरङ्ग सेवासमेत),

(प) दूरसञ्चार सम्बन्धी सेवा (साइबर सेक्युरिटी तथा इन्टरनेटसमेत),

(फ) सबै सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित विश्वविद्यालय/क्याम्पस/सबै सार्वजनिक एवं संस्थागत विद्यालय एवं विभिन्न निकाय तथा शिक्षण संस्थाबाट सञ्चालन हुने परीक्षा सम्बन्धी सेवा,

(ब) सम्बन्धित मन्त्रालय/निकायले जनतालाई प्रत्यक्ष सेवा प्रवाहका लागि तोकेका अन्य सेवाहरू,

सेवा प्रवाह नियमित रहने दिनहरु:-

| क्र.सं. | चाड पर्व/दिवस | सेवा प्रवाह हुने महिना र गते | बार |
|---|---|---|---|
| १. | रामनवमी | २०८१ साल वैशाख ५ गते | बुधबार |
| २. | चण्डी पूर्णिमा (बैशाख पूर्णिमा)/बुद्ध जयन्ती/ उभौली पर्व | २०८१ साल जेठ १० गते | बिहिबार |
| ३. | गणतन्त्त दिवस | २०८१ साल जेठ १५ गते | मङ्गलबार |
| ४. | रक्षाबन्धन | २०८१ साल भदौ ३ गते | सोमबार |
| ५. | श्रीकृष्ण जन्माष्टमी | २०८१ साल भदौ १० गते | सोमबार |
| ६. | घटस्थापना | २०८१ साल असोज १७ गते | बिहिबार |
| ७. | क्रिसमस डे | २०८१ साल पुस १० गते | बुधबार |
| ८. | धान्य पूर्णिमा/उधौलीपर्व/योमरी पुन्ही | २०८१ साल मंसिर ३० गते | आइतबार |
| ९. | तमू ल्होसार | २०८१ साल पुस १५ गते | सोमबार |
| १०. | माघी पर्व/माघे सङ्क्रान्ति | २०८१ साल माघ १ गते | मंगलबार |
| ११. | सहिद दिवस | २०८१ साल माघ १६ गते | बुधबार |
| १२. | सोनाम ल्होसार | २०८१ साल माघ १७ गते | बिहिबार |
| १३. | राष्ट्रिय प्रजातन्त्र दिवस | २०८१ साल फागुन ७ गते | बुधबार |
| १४. | महाशिवरात्री | २०८१ साल फागुन १४ गते | बुधबार |
| १५. | ग्याल्पो ल्होसार | २०८१ साल फागुन १६ गते | शुक्रबार |
| १६. | ईद (ईद उल फित्र) | मिति पछि तोकिने | - |
| १७. | बकर ईद (ईद उल अजहा) | मिति पछि तोकिने | - |

१०.२ अस्पताल, दूरसञ्चार, प्रहरी, अध्यागमन, भन्सार, कारागार, फोहोरमैला व्यवस्थापन, फायरब्रिगेड, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, मुद्रण विभाग, हुलाक, शान्ति सुरक्षा, विपद् आदिजस्ता रोजाना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरूले सार्वजनिक बिदाका दिनमासमेत दैनिक काम नरोकिने गरी सेवा प्रवाह गर्नु पर्नेछ।

१०.३ प्रकरण १०.१ र १०.२ बमोजिम अत्यावश्यक र आकस्मिक सेवा सञ्चालन गर्ने निकाय तथा कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको लागि आलोपालो मिलाई सट्टा बिदा दिनुपर्ने व्यवस्था त्यस्ता निकाय तथा कार्यालयहरू स्वयंले मिलाउनु पर्नेछ।

शिवराज जोशी
प्रशासकीय अधिकृत

मिति:-२०८१।०१।०२